केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <bfird@nrb.org.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/४६/०६५/६६ मिति : २०६६/२/१९

**सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयका सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

(क). व्यवसायिक प्रतिनिधीको सहायताले Point of Transaction Machine (POT) को माध्यमबाट Smart Card को प्रयोग गरी गरिने दुर्गम/ग्रामीण शाखारहित बैंकिग (Branchless Banking) सेवा सम्बन्धी कार्य गर्न चाहने इजाजतपत्रप्राप्त "क" वर्गका बाणिज्य बैंक र राष्ट्रियस्तरका "ख" वर्गका विकास बैंकहरुलाई मात्र देहायको व्यवस्था तथा शर्तहरुको अधिनमा रही काठमाण्डौं उपत्यकाभित्रका नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका बाहेकका क्षेत्रहरुमा मात्र Branchless Banking सम्बन्धी सेवा संचालन गर्न अनुमति प्रदान गर्ने ।

१. Branchless Banking सम्बन्धी सेवा संचालन गर्न चाहने बैंक तथा वित्तीय संस्थाले Branchless Banking सम्बन्धी कार्य गर्ने मेशिनको कार्यसम्पादन गर्ने क्षमतालाई प्राविधिक रुपमा मूल्यांकन गरेर तथा मेशिन आपूर्ती गर्ने कम्पनीसंग Memorandom of Understanding गरेर यसलाई कार्यान्वयन गर्ने ।

२. Branchless Banking सम्बन्धी कार्य संचालन गर्न चाहने बैंक तथा वित्तीय संस्थाले त्यसको लागि आवश्यक प्राविधिक पूर्वाधार (Hardware, Software, Data Communication/Transmission Mechanism आदि) र आवश्यक दक्ष जनशक्तिको बारेमा यस बैंक समक्ष जानकारी दिएर मात्र कारोबार शुरु गर्नु पर्नेछ ।

३. विद्यमान संचार साधन (PSTN, Cellular Communications) को माध्यमबाट एउटा यन्त्रको सहायताले कारोवार गर्दा सबैभन्दा महत्वपूर्ण पक्ष सुरक्षा प्रणालीलाई मजबुत बनाई जोखिम नियन्त्रण गर्नु पर्ने । जस अनुसारः

- सम्बन्धित बैंकले Branchless Banking सम्बन्धी कार्य गर्दा Industry Standard Security Features पालना/कायम गरेको हुनुपर्ने ।
- बैंकको Network र Database पूर्ण सुरक्षित रहने व्यवस्था गर्नुपर्ने ।
- Software खरिद गरेको खण्डमा Software License को प्रमाणपत्र प्राप्त गरेको आधिकारीक विक्रेता (Authorised Vendor) संग संझौता गरी संचालन गर्नुपर्ने ।
- Branchless Banking का लागि प्रयोग हुने प्रविधि सुरक्षित हुनुपर्ने र यसले Confidentiality, Integrity, Authenticity आदिलाई सुनिश्चित गर्नुपर्ने ।
- त्यस्तो सेवामा संलग्न हुने नगद तथा अन्य सम्पत्तिको बीमा गरेको हुनुपर्ने ।
- प्राविधिक व्यवस्थापनमा कुनै समस्या आई निक्षेप तथा भुक्तानी कारोबार प्रभावित भई Database क्षति भएमा सो क्षतिको पूर्ण जवाफदेहिता सम्बन्धित बैंक तथा वित्तीय संस्थाको नै हुने ।
- व्यवसायिक प्रतिनिधि (Business Correspondent) को सुरक्षा स्थिति तथा स्थान विशेष हेरी Branchless Banking सेवा संचालन गर्न चाहने "क" वर्गका बाणिज्य बैंक र राष्ट्रियस्तरका "ख" वर्गका संस्थाले कारोबार रकमको सीमा निर्धारण गर्न सक्ने ।
- सेवामा संलग्न बैंकको व्यवशायिक प्रतिनिधि (Business Correspondent) को कारोबार स्थान सुरक्षित तथा सर्वसुलभ हुनुपर्ने ।

४. Branchless Banking को माध्यमबाट नेपाली रुपैयाको मात्र निक्षेप तथा भुक्तानी सेवा प्रदान गर्नुपर्ने र अन्तराष्ट्रियस्तरमा कारोवार (Cross Border Transaction) गर्न र भुक्तानी सेवामा बैदेशिक मुद्राको प्रयोग गर्न नपाइने ।

५. Branchless Banking मार्फत नेपालभित्र निक्षेप स्वीकार तथा भुक्तानी र कर्जा कारोबार मात्र गर्न सकिने ।

६. Branchless Banking सम्बन्धी सम्पूर्ण जोखिमको पहिचान र व्यवस्थापनको दायित्व सम्बन्धित बैंक तथा

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <bfird@nrb.org.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

वित्तीय संस्थाको नै हुने ।

७. यस्तो सेवा उपलब्ध गराउने व्यवसायिक प्रतिनिधि (Business Correspondent) को कारोबारको प्रत्यक्ष नियन्त्रण गर्न सम्बन्धित बैंकले नजिकको शाखा वा Parent शाखा तोक्नुपर्ने ।

८. दैनिक कारोवार सम्पन्न भएपश्चात सम्बन्धित नजिकको शाखा वा Parent शाखा वा Head Office मा Data Transfer अनिवार्य गरी उपयुक्त Backup को व्यवस्था गरेको हुनुपर्ने ।

९. Branchless Banking कारोबार गर्ने सम्बन्धी निर्णय सम्बन्धित बैंक तथा वित्तीय संस्थाको संचालक समितिबाट भएको हुनुपर्ने ।

१०. माथि उल्लेखित शर्तहरु, अन्य प्रचलित कानून र यस बैंकको निर्देशनको अधिनमा रही यस बैंकको पूर्वस्वीकृति लिएर मात्र भुक्तानी सेवा तथा निक्षेप स्वीकार गर्ने कार्य गर्न सकिने ।

(ख). सम्पूर्ण इजाजतपत्रप्राप्त राष्ट्रियस्तरको "ग" वर्गका वित्तीय संस्थाले सेफ डिपोजिट भल्ट, लकर सेवा (Safe Deposit Vault, Locker Service) उपलब्ध गराउँदा देहाय बमोजिमको शर्तहरुको अधिनमा रही संचालन गर्न सक्ने ।

१. संस्थाको चुक्ता पूँजी यस बैंकले तोके बमोजिम पुगेको हुनु पर्ने (हालको लागि रु.२० करोड र रु.३० करोड) ।

२. संस्थाको सेफ डिपोजिट भल्ट सन्चालनको लागि छुट्टै निर्देशिका/विनियम हुनु पर्ने ।

३. संस्थाले आफूसंग निक्षेप र कर्जाको कारोवार गरेका आफ्ना ग्राहकहरुलाई मात्र सेफ डिपोजिट भल्टको सेवा उपलब्ध गराउनु पर्ने ।

४. सेफ डिपोजिट भल्ट सन्चालन गर्नु अगावै सुरक्षाको लागि CCTV जडान हुनुपर्ने साथै अलार्म पद्धति (Alarm System) को व्यवस्था गरी सो अलार्म पद्धतिबाट सरकारी सुरक्षा निकायसम्म सूचना प्रवाह गर्न सकिने किसिमको व्यवस्था अनिवार्य रुपमा हुनु पर्ने र सोको जानकारी यस बैंकलाई दिनु पर्ने ।

५. साइजको आधारमा सेफ डिपोजिट भल्टको वर्गीकरण गरी सोही अनुरुप अनिवार्य वीमा गरेको हुनु पर्ने ।

(ग). इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले आफ्नो वित्तीय विवरण (Financial Statement) प्रकाशित गर्दा कर दायित्व (Tax Liability) लाई आर्थिक वर्षको अन्त्यमा मात्र नभई हरेक त्रैमासमा हुने कर दायित्व समेत समाविष्ट (Adjust) गरेर मात्र नाफा/नोक्सानको अवस्था सार्वजनिक रुपमा प्रकाशित गर्नुपर्ने ।

(घ) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले बोलकवोलको माध्यमबाट धितो लिलामी (Auction) गर्दा सम्बन्धित बोलकवोलवाला (Bidder) व्यक्ति वा संस्थाको नाममा नै उक्त सम्पत्तिको स्वामित्व तथा भोगाधिकार (Ownership & Possession) हस्तान्तरण गर्नुपर्ने ।

भवदीय,

(लक्ष्मीप्रपन्न निरौला)
निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
२. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
५. श्री नेपाल राष्ट्र बैंक, जिल्ला स्थित कार्यालयहरु ।
६. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
७. श्री विकास बैंक तथा वित्तीय संस्था संघ नेपाल, बबरमहल, काठमाण्डौं ।
८. श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं ।